श्री
उच्च अदालत पाटन
एक न्यायाधीशको इजलास
मानननीय न्यायाधीश श्री दुर्गाप्रसाद ढुङ्गेल
आदेश
रिट नं.०८१-WO-१५९५
विषय: उत्प्रेषण।

खेतु थापा.......................................................................................................१ निवेदक

विरुद्ध

कम्पनी रजिष्ट्रारको कार्यालयसमेत.............................................................................१ विपक्षी

प्रस्तुत रिट निवेदनसहितको कागजात अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री उपेन्द्रराज पौडेलले तथा विद्वान अधिवक्ताहरु श्री देवी प्रसाद रिजाल, डा. श्री अवतार न्यौपाने, श्री गोपी शर्मा सुवेदी, श्री चक्रबहादुर थापा, श्री अमितकुमार कर्ण,श्री नारायण आचार्य र श्री सुमन चन्द्र आचार्यले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? रिट निवेदकको निवेदन मागवमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए, सोसमेत साथै राखी सूचना म्याद पाएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षी नं.१ को हकमा उच्च सरकारी वकील कार्यालय, पाटनमार्फत तथा अन्य विपक्षीहरुको हकमा आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नू भनी प्रस्तुत आदेश र रिट निवेदनको प्रतिलिपिसहित विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु।

साथै, निवेदकले अन्तरिम आदेशको समेत माग गरेकोतर्फ विचार गर्दा विपक्षी मध्येको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. ले आफ्नो प्रवन्ध पत्र र नियमावलीमा कम्पनी ऐन,२०६३ को दफा ८६ को उपदफा (२) बमोजिम महिला शेयरधनी रहेको पब्लिक कम्पनीको सञ्चालक समितिमा कम्तिमा एकजना महिला सञ्चालक हुनुपर्ने भन्ने कानूनी प्रावधानलाई सुनिश्चित गर्ने गरी संसोधन र परिमार्जन गरी यस्तो संसोधन र परिमार्जन कम्पनी रजिष्ट्रारको कार्यालय समेतमा अभिलेख गराई सञ्चालक समितिको निर्वाचन गर्नु पर्ने कानूनी कर्तव्य रहेको देखिन्छ। तापनि विपक्षी कम्पनीले प्रबन्धपत्र र नियमावली संसोधन गरी कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) को कानूनी व्यवस्था बमोजिम एकजना महिला सञ्चालक सदस्य सुनिश्चित हुने गरी निर्वाचन गर्न लागेको अवस्था देखिन आएन। त्यसैले उल्लिखित कानूनी व्यवस्थाको कार्यान्वयन एवम् सुविधा र सन्तुलनको दृष्टिकोणबाट प्रबन्धपत्र र नियमावली परिमार्जन नगरी सञ्चालक समितिको निर्वाचन नगर्नू नगराउनू, यथास्थितिमा राख्नू भनी उच्च अदालत नियमावली,२०७३ को नियम ४२ को उपनियम (१) बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ।

अन्तरिम आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नू।

न्यायाधीश

इति संवत् २०८१ साल माघ २७ गते रोज १ शुभम्...........................................।